**नेपाल सरकार**

# राष्ट्रिय परीक्षा बोर्ड
# परीक्षा नियन्त्रण कार्यालय कक्षा १०
# सानोठिमी, भक्तपुर

## २०७४ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा १० पूरक ग्रेड वृद्धि परीक्षाको नतिजा प्रकाशन सम्बन्धी प्रेश विज्ञप्ति

आदरणीय सञ्चारकर्मी मित्रहरू
२०७४ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा १० पूरक ग्रेड वृद्धि परीक्षाको नतिजा प्रकाशनको सन्दर्भमा आयोजित यस कार्यक्रममा सर्वप्रथम यहाँहरुको गरिमामय उपस्थितिलाई स्वागत गर्न चाहन्छु ।
मिति २०७३।०३।१५ मा भएको शिक्षा ऐनको संशोधनले कक्षा ९ देखि १२ सम्मको माध्यमिक शिक्षा परीक्षाको व्यवस्थापन गर्न राष्ट्रिय परीक्षा बोर्ड गठन भएको र बोर्डको प्रत्यायोजित अधिकार अनुरुप परीक्षा नियन्त्रण कार्यालयले कक्षा १० को परीक्षाको सञ्चालन व्यवस्थापन कार्य गरिरहेकोमा नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट परीक्षा नियन्त्रण कार्यालय खारेज भएको औपचारिक पत्र प्राप्त भए पश्चात राष्ट्रिय परीक्षा बोर्डको प्रत्यक्ष निर्देशनमा परीक्षाको सम्पूर्ण कार्यहरु सञ्चालन भइरहेको छ ।

यस वर्षको माध्यमिक शिक्षा परीक्षा कक्षा १० पूरक ग्रेड वृद्धि परीक्षाको सञ्चालन व्यवस्थापन गर्ने सन्दर्भमा गत २०७५ साल श्रावण २३ गतेदेखि भाद्र २ गतेसम्म सञ्चालित साधारण तथा प्राविधिक दुबै धारको परीक्षाफल राष्ट्रिय परीक्षा बोर्डको आज मिति २०७५।०६।१४ को निर्णय अनुसार प्रकाशन गरिएको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छु । २०७४ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा १० पूरक ग्रेड वृद्धि परीक्षाको सञ्चालन व्यवस्थापनका सन्दर्भमा बुँदागत रुपमा निम्नानुसारका केही विषय उल्लेख गर्न चाहन्छु ।

### १. परीक्षा सञ्चालन र व्यवस्थापन

कूल २४९ वटा परीक्षा केन्द्रमा सञ्चालित २०७४ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा १० पूरक ग्रेड वृद्धि परीक्षालाई अनुशासित, मर्यादित र व्यवस्थित रुपमा सञ्चालन गर्न विगत वर्षदेखि नै धेरै प्रयासहरु हुदै आएका छन् । यस वर्ष पनि यसलाई थप अनुशासित, मर्यादित र व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि केन्द्र, क्षेत्र र जिल्ला तहबाट गरिएका प्रयासहरु सह्रानीय रहे । यसका बाबजुद पनि केही केन्द्रहरुमा परीक्षाको मर्यादा उल्लङ्घन गर्ने प्रयास भएकोमा परीक्षाको मर्यादा विपरीत कार्य गर्ने ५ जनाको एक विषयको परीक्षा रद्द भएको छ ।

### २. उत्तरपुपस्तिका परीक्षण सम्परीक्षण व्यवस्थापन

यस वर्ष परीक्षा नियन्त्रण कार्यालय सहित २० वटा परीक्षण केन्द्रहरुमा उत्तरपुस्तिका परीक्षण सम्परीक्षणको व्यवस्थापन गरिएको थियो । साविकका जिल्ला शिक्षा कार्यालयहरु (हाल शिक्षा विकास तथा समन्वय इकाइ) प्रत्यक्ष रुपमा उत्तरपुस्तिका परीक्षणको व्यवस्थापनमा संलग्न थिए । उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण कार्य सम्पन्न गर्न परीक्षण केन्द्र व्यवस्थापन कार्यका लागि कर्मचारीहरु परिचालन गरिएका थिए भने उत्तरपुस्तिका परीक्षण सम्परीक्षणका लागि माध्यमिक तहमा अध्यापन गर्ने विषय शिक्षकहरु खटिएका थिए । परीक्षाको नतिजा प्रकाशनको तयारी गर्ने सम्बन्धमा परीक्षण केन्द्र व्यवस्थापन कार्यका लागि खटिने अधिकांश कर्मचारीहरु स्थानीय तहमा खटिइ गएकाले बाँकी रहेका सीमित कर्मचारीहरुको निरन्तर सहयोगका कारण समयमै उत्तरपुस्तिका परीक्षण सम्परीक्षण कार्य सम्पन्न भएको जानकारी गराउन चाहन्छु ।

### ३. नतिजा प्रकाशन सम्बन्धी

उत्तरपुस्तिका परीक्षणको कार्य सम्पन्न भएपछि परीक्षण केन्द्रहरुबाट प्राप्त मार्कस्लिपको आधारमा कम्प्युटरमा प्राप्ताङ्क प्रविष्ट गर्ने कार्य भाद्र २४ गतेबाट शुरु गरी टेबुलेसन, रुजू कार्य समेत सम्पन्न गरी आजका दिनमा नतिजा प्रकाशन गर्न सकिएको व्यहोरा समेत अनुरोध छ । यस वर्ष कक्षा १० को पूरक ग्रेडवृद्धि परीक्षामा (साधारण तथा प्राविधिक धार समेत) कूल १,५२,९१० जना परीक्षार्थी सम्मिलित भई तपसील बमोजिमको नतिजा विवरण प्रकाशन गरिएको छ ।

### माध्यमिक शिक्षा परीक्षा कक्षा १० पूरक ग्रेड वृद्धि परीक्षाको संक्षिप्त नतिजा विवरण

| DESCRIPTION | REGULAR GENERAL 2074 | | | EXEMPTED GENERAL 2074 | | | REGULAR TECHNICAL 2074 | | | EXEMPTED TECHNICAL 2074 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | TOT | BOY | GIRL | TOT | BOY | GIRL | TOT | BOY | GIRL | TOT | BOY | GIRL |
| 00. APPEARED | 143843 | 65253 | 78590 | 6030 | 2112 | 3918 | 3034 | 1755 | 1279 | 3 | 2 | 1 |
| 01. UPGRADED | 104705 | 47327 | 57378 | 4672 | 1633 | 3039 | 2244 | 1305 | 939 | 2 | 2 | 0 |
| 02. GPA FROM 3.61-4.00 | 9 | 6 | 3 | | | | 5 | 2 | 3 | | | |
| 03. GPA FROM 3.21-3.60 | 405 | 186 | 219 | | | | 219 | 121 | 98 | | | |
| 04. GPA FROM 2.81-3.20 | 4627 | 2313 | 2314 | 1 | 0 | 1 | 916 | 520 | 396 | | | |
| 05. GPA FROM 2.41-2.80 | 19654 | 9825 | 9829 | 52 | 44 | 8 | 857 | 523 | 334 | 2 | 2 | 0 |
| 06. GPA FROM 2.01-2.40 | 38997 | 18138 | 20859 | 641 | 315 | 326 | 214 | 120 | 94 | | | |
| 07. GPA FROM 1.61-2.00 | 33355 | 13866 | 19489 | 2612 | 903 | 1709 | 33 | 19 | 14 | | | |
| 08. GPA FROM 0.81-1.60 | 7658 | 2993 | 4665 | 1366 | 371 | 995 | 0 | | | | | |
| 09.COPY CANCELLED | 5 | | | | | | | | | | | |
| **TOTAL** | **104705** | **47327** | **57378** | **4672** | **1633** | **3039** | **2244** | **1305** | **939** | **2** | **2** | **0** |

| | | | |
|---|---|---|---|
| **Total Appeared :** | **152910** | **Total Upgraded :** | **111623** |
| **Total Appeared Subjects :** | **334580** | **Total Eligible Subjects:** | **2161162** |

### ४. नतिजाको जानकारी लिने व्यवस्था

२०७४ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा १० पूरक ग्रेड वृद्धि परीक्षाको नतिजा प्राप्त गर्नका लागि टेलिफोन (IVR), SMS र Website को व्यवस्था भएको छ । त्यसका लागि निम्नानुसारका विभिन्न सेवा प्रदायक संस्थाहरुबाट निम्नानुसारको सेवा प्रदान हुने व्यवस्था रहेको जानकारी गराउन चाहन्छु ।

### क. टेलिफोन (IVR)

नेपाल टेलिकमको १६०० नम्बरमा डायल गरी प्राप्त निर्देशन बमोजिम नतिजा सुन्न सकिनेछ ।

## ख. एसएमएस (SMS)

निम्नानुसारका नम्बरमा (SMS) गरी जानकारी लिन सकिनेछ -

| क्र.सं. | नम्बर | संस्था |
|---|---|---|
| १ | ३१००३ | आकाश टेक प्रा.लि., काठमाडौं |
| २ | ३४९४९ | इजी सर्भिस प्रा.लि., काठमाडौं |
| ३ | १६०० | एनसेल प्रा.लि., ललितपुर |
| ४ | ३४८४९ | एफ वान सफ्ट इन्टरनेशनल प्रा.लि. |
| ५ | ३१००५ | क्रिस्ट मिडिया एण्ड रिसर्च सेन्टर प्रा.लि. |
| ६ | ३५००१ | जानकी टेक्नोलोजी प्रा.लि., ललितपुर |
| ७ | ३४००० | फोकसवान नेपाल प्रा.लि., ललितपुर |
| ८ | ३३६२४ | वान अप कम्युनिकेसन, काठमाडौं |

## ग. Website :

निम्नानुसारका website बाट नतिजाको जानकारी लिन सकिनेछ -

| क्र.सं. | Website | संस्था |
|---|---|---|
| १ | www.moe.gov.np | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवार, काठमाडौं |
| २ | www.doe.gov.np | शिक्षा विभाग, सानोठिमी, भक्तपुर |
| ३ | www.soce.gov.np | परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर |
| ४ | www.neb.gov.np | राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर |
| ५ | www.see.ntc.net.np | नेपाल टेलिकम, काठमाडौं |
| ६ | www.inheadline.com | आकाश टेक प्रा.लि., काठमाडौं |
| ७ | www.edusanjal.com | इउजोनिक्स एजुकेशन प्रा.लि. |
| ८ | www.ncell.axiata.com.np | एनसेल प्रा.लि. |
| ९ | www.edukhabar.com | एडुखबर डट कम |
| १० | www.meroshikshya.com | वान अप कम्युनिकेशन प्रा.लि., काठमाडौं |
| ११ | www.ekantipur.com.np | कान्तिपुर पब्लिकेशन प्रा.लि. |
| १२ | www.f1soft.com | एफ वान सफ्ट इन्टरनेशनल प्रा.लि. |
| १३ | www.resultayo.com.np | फोनेक्स एजुकेशन फाउण्डेसन |
| १४ | www.ratopati.com | डिस्कभरी न्युज नेटवर्क प्रा.लि., ललितपुर |
| १५ | www.lokantar.com | लोकान्तर साप्ताहिक प्रा.लि., ललितपुर |
| १६ | www.kendrabindu.com | केन्द्रविन्दु अनलाइन मिडिया प्रा.लि. |

माथि उल्लिखित वेभसाइटहरुमध्ये परीक्षा नियन्त्रण कार्यालय र नेपाल टेलिकमको वेभसाइटमा परीक्षार्थीको सिम्बोल नम्बर र जन्ममिति राखेर सबै विषयको ग्रेड र समग्र स्तरीकृत अङ्क (GPA) हेर्न सकिनेछ । अन्य वेभसाइटहरुमा परीक्षार्थीहरुको सिम्बोल नम्बर अनुसार समग्र स्तरीकृत अङ्क (GPA) हेर्न सकिनेछ । उल्लिखित संस्थाहरुले तोकिएको सेवा मात्र सञ्चालन गर्न, तोकिएको सेवा बाहेक अन्य प्रयोजनमा नतिजाको तथ्याङ्क प्रयोग गरी कुनै सेवा सञ्चालन गर्न नपाइने जानकारी गारइएको छ ।

## ५. पुनर्योगको व्यवस्था

आफूले प्राप्त गरेको कुनै विषयको नतिजा चित्त नबुझेमा सम्बन्धित परीक्षार्थीले पुनर्योग गराउन सक्नेछन् । यसका लागि प्रति विषय रू.५००।- र आवश्यक विवरण सहित परीक्षा नियन्त्रण कार्यालय, सम्बन्धित शिक्षा विकास निर्देशनालय वा शिक्षा विकास तथा समन्वय इकाइमा नतिजा प्रकाशन भएको मितिले १५ दिन भित्र निवेदन दिनसक्ने व्यवस्था मिलाइएको छ ।

## ६. आभार एवम् धन्यवाद

अन्त्यमा, माध्यमिक शिक्षा परीक्षा कक्षा १० को पूरक ग्रेडवृद्धि परीक्षा २०७४ लाई अनुशासित, मर्यादित, व्यवस्थित रुपमा सञ्चालन गर्ने कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण सरकारी निकायहरु, परीक्षा सञ्चालनमा सक्रिय भूमिका निर्वाह गर्नुहुने क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय प्रमुख, क्षेत्रीय शिक्षा निर्देशक, शिक्षा विकास तथा समन्वय इकाइका कर्मचारीहरु, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सुरक्षाकर्मी, शिक्षक अभिभावक, शिक्षकका पेशागत संस्थाहरु, विद्यार्थी, नागरिक समाज, राजनीतिक दल, सञ्चार माध्यमहरु, पत्रकार मित्रहरु तथा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभाव समेतलाई आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग पुऱ्याउनुभएकोमा हार्दिक आभार एवम् धन्यवाद व्यक्त गर्दछु । साथै परीक्षाको तयारी तथा सञ्चालनदेखि नतिजा प्रकाशनसम्मका परीक्षाका गतिविधि जनसमक्ष पुऱ्याउन आम सञ्चार जगतले पुऱ्याएको योगदानको लागि हार्दिक धन्यवाद दिदै आगामी दिनमा पनि पत्रकारहरुबाट सिर्जनात्मक र समालोचनात्मक भूमिका निर्वाह हुनेछ भन्ने आशा एवम् विश्वास लिएको छु । यस परीक्षामा सफलता प्राप्त गर्नुहुने सम्पूर्ण विद्यार्थी भाइबहिनीहरुलाई हार्दिक बधाइ दिदै थप प्रगतिको पथमा लाग्ने प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु । धन्यवाद ॥

मिति : २०७५ आश्विन १४

**रामशरण सापकोटा**
**नियन्त्रक**